# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – १, संख्या – ११, माघ १० गते, २०७४ साल**

### भाग – २

### आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना** :- लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घरोगी, हिंसापीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अतिअशक्त, अपांग र पूर्णअशक्त, अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले इस्मा गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम“ इस्मा गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्य विधि, २०७४” रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** :- विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले इस्मा गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्यव्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको बालबालिका, एच. आई.भी.एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले इस्मा गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष " भन्नाले इस्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इस्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद - २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता** :- (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षधात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक

सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण “आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँकार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू.५,०००।- (पाँचहजार) आर्थिक सहायता दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका रोगहरु बाहेक अन्य रोग लागेकाहरुलाई कार्यपालिकाले आर्थिक सहायता उपलब्ध गराउन आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गरी सहायता प्रदानगर्न सक्ने छ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः-** (१) यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न गाउँकार्यपालिकाको निर्णयानुसार रू ५०००/- (पाँचहजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :-** (१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमन स्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालन

पोषणको लागि गाउँकार्यपालिकाको निर्णय अनुसार रू.५,०००/- (पाँचहजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठनपाठनको व्यवस्था गर्न सकिनेछ ।

६. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता** :-७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्तागरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मानसिक भएमा रू. २०००/- (दुइहजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

७. **विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेबारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा कार्यपालिकाले मनासिक ठहराएमा एकमुष्ट रुपमा रु ८०००।- आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहयाता दिन सिफारिस गर्दा सम्बन्धित वडाकार्यालयले निजको पारिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यावसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्ने छ ।

## परिच्छेद- ३

## विविध

८. **निवेदनको ढाँचा** :-खण्ड ३, ४, ५, ६, ७अनुसार सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

९. **अधिकार प्रत्यायोजन गर्न सकिने** : यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको अधिकार गाउँकार्यपालिकाले अध्यक्षलाई दिन सक्नेछ ।

१०. **आर्थिक सहायता तथा उपचार सहयोग कोष** : (१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि एक कोषको स्थापना गरिनेछ । कोषमा देहायको रकम जम्मा गरिनेछ :-

(क) संघीय सरकार, प्रदेश सरकार, गाउँ सभाबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(२) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

## परिच्छेद – ४

## संशोधन तथा परिमार्जन सम्वन्धमा :

१२. **संशोधन तथा परिमार्जन** : (१) यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – १०

## खारेजी तथा बचाउ

१३. (१) यो कार्यविधि लागु हुनुपूर्व भएका निर्णयहरु यसै बमोजिम भएको मानिने छ ।

(२) कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्य प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची- १
(खण्ड ८ सँग सम्बन्धित)

मिति :-

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
इस्मा गाउँपालिका, गुल्मी ।

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,
प्रस्तुत विषयमा म/हामी..................रोगले ग्रसितभई ................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराईदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. आर्थिक रुपले विपन्न भएको सफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि

३. अस्पतालको रिपोर्ट

४. स्वास्थ्य संयोजकको सिफारिस

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**प्रमाणीकरण मिति : २०७४/१०/१४**

**आज्ञाले,**
**सरोज कुमार पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**